नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्या:-
च.नं.

मितिः २०७९।१०।०१

## प्रेस विज्ञप्ति

१. आज मिति २०७९ साल माघ १ गते आइतवारको दिन काठमाण्डौबाट पोखराको लागि उडेको यति एयरलाइन्सको 9N-ANC कल साइनको विमान पोखरा विमानस्थल नजिकै भएको दुर्घटनामा परी दिवंगत हुने चालक दलका सदस्य तथा यात्रुहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

२. उक्त दुर्घटनाको सम्बन्धमा विस्तृत जाँचबुझ गरी दुर्घटनाको कारण पहिचान गरी आगामी दिनमा यस किसिमका दुर्घटना हुन नदिन अपनाउनुपर्ने सुझाव सहितको प्रतिवेदन ४५ दिनभित्र पेस गर्न नेपाल सरकार (मन्त्रिपरिषद) को आजको निर्णयबाट देहाय अनुसारको दुर्घटना जाँच आयोग गठन भएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

**दुर्घटना जाँच आयोगः**

| | |
|---|---|
| श्री नगेन्द्र प्रसाद घिमिरे, नेपाल सरकारका पूर्व सचिव | संयोजक |
| श्री दिपक प्रसाद बास्तोला, हवाई विज्ञ, उपरथी, नेपाली सेना | सदस्य |
| श्री सुनिल प्रधान, अवकाश प्राप्त क्याप्टेन | सदस्य |
| श्री एकराज जंग थापा, मेन्टिनेन्स इञ्जिनियर, श्री एयरलाइन्स | सदस्य |
| श्री बुद्धिसागर लामिछाने, सहसचिव, संस्कृति, पर्यटन तथा ना.उ. मन्त्रालय | सदस्य-सचिव |

३. दुर्घटनामा परेका स्वदेशी तथा विदेशी नागरिकहरु सम्बन्धी सूचना तथा जानकारी प्रदान गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणले खोज तथा उद्धार केन्द्र (सम्पर्क नं. ०१-४२१३०००) (Rescue Coordination Center) सञ्चालन गरेको व्यहोरा समेत जानकारी गराइन्छ ।

(राजेन्द्र कुमार के.सी.)
सहसचिव एवं प्रवक्ता